# दुवै ईद मनाउने इस्लामीय तरिका

## آداب العيدين

< नेपाली >

लेखकः
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
عتيق الرحمن محمد إدريس خان مكي

संशोधनः
मुहम्मद इदरीस सलफी
محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

৪০০৫

**सर्वाधिकार लेखकमा सुरक्षित छ ।**

৪০০৫

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

৪০০৫

**पुस्तक पाइने ठेगाना -:**

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा मैले चाँडपर्व र दुवै ईदहरू लाई मनाउने इस्लामीय तरिकालाई पाठक समक्ष राख्ने प्रयास गरेको छु, र समस्तलाई कुरआन र हदीसद्वारा प्रमाणीकरण पनि गरेको छु जसलेगर्दा मूल उद्देश्य स्पष्ट भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गरी इस्लामीय तरिकामा ईद मनाउने सौभाग्य प्रदान गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# ईदुल् फित्र

अरबी महिनाको रमजान महिना सिद्धे पश्चात शौवाल महिनाको चन्द्र हेरेर ईदको पर्व अर्थात ईदुल् फित्र मनाइन्छ। र यो पर्व अल्लाहको कृतज्ञता ज्ञापन गर्ने उद्देश्यले मनाइन्छ किनकि अल्लाहले रमजान महिनाद्वारा जुन आफ्नो भक्तहरूलाई अनुकम्पित गरेको थियो त्यसको आभार त प्रकट गर्नु अति आवश्यक थियो यसैलाई सुदर्शित गर्नुको लागि र त्यस अनुकम्पामा आफू सफल भएको खुशीलाई सुदर्शित गर्नुको लागि युगौं युगौं देखि मुसलमानहरू यस ईदलाई मनाउँदै आएका छन् ।

## ईदुल् फित्रका केही सामान्य नियमहरू

शौवाल महिनाको चन्द्र हेरे बित्तिकै तक्बीर भन्न आरम्भ गर्नु र निरंतरताले ईदको नमाज आरम्भ हुने समयसम्म तक्बीर भन्दै रहनु सुन्नत हो ।

ईदगाह जानुभन्दा अघि स्नान गर्नु सुगन्ध प्रयोग गर्नु, नौलो लुगा लगाउनु पनि सुन्नत हो ।

घरदेखि निस्कदा केही खाएर निस्कुन सुन्नत हो, यदि खजूर खाइयोस् भने अति उत्तम हुन्छ खजूर नभएको खण्डमा खद्यान्न मध्ये केही पनि खान सकिन्छ । जस्तोकि हदीसमा वर्णित छ :

كان رسول الله صلى الله عليه وسلم لا يغدو يوم الفطر حتى يأكل تمرات ويأكلهن وترا.

( بخاري: ढछघ )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदको दिन (ईदुल फित्रको दिन) बिना खजूर खाइकन् निस्कदैन्थे, र विसम खजूर नै खान्थे । ( बुखारी हदीस नं. ९५३ )

र ईदगाह जाँदा एउटा बाटोले जाने र आर्को बाटोबाट फर्कैर आउने । जस्तोकि हदीसमा छ :

كان النبي صلى الله عليه وسلم إذا خرج يوم العيد في طريق رجع في طريق آخر . )

ترمزي: छद्धज्ञ , وصححه الألباني )

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लम जब ईदको दिन कुनै बाटोबाट ईदगाह जान्थे त आर्को बाटोबाट फर्कैर आउँथे । ( तिर्मिजी हदीस नं.५४१, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

यस्तै ईदगाह पैदल आउनु र जानु सुन्नत हो । हदीसमा छ :

كان رسول الله صلى الله عليه وسلم يخرج إلى العيد ماشيا ويرجع ماشيا . ( ابن ماجة :

ज्ञद्दढद्ध,ज्ञद्दढछوحسنه الألباني )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदगाह पैदल जान्थे र पैदल नै फर्कैर आउँथे । ( इब्ने माजा हदीस नं. १२९४,१२९५, र यस हदीसलाई शैख अल्बानीले विश्वासनीय भनेका छन् )

ईदको नमाजको लागि पूर्ण घरपरिवारलाई लैजानु सुन्नत हो यहाँ सम्मकि रजस्वला अवस्थामा भएकी महिलाहरूलाई पनि लैजानुको आदेश छ । ( हेर्नुस्: बुखारी हदीस नं. ९७४, र मुस्लिम हदीस नं. ८९० )

र यस्तै ईदको नमाज ईदगाहमा वा कुनै खुल्ला ठाऊँ र चौरमा पढनु सुन्नत हो ।

ईदगाह जाँदा तक्बीर पढनु पर्छ तर ईदगाहबाट फर्कैर आउँदा तक्बीर पढनु पर्दैन । ( हेर्नुस्: सिलसिलतुस्सहीहा लिल अल्बानी हदीस नं. १७१ )

तक्बीरका शब्दहरू निम्न हुन् :

अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर लाइलाहा इल्लल्लाह, वल्लाहु अकबर, अल्लाहु अकबर वलिल्लाहिल् हम्द ।

र आर्को हदीसका शब्द यसरी छन्:

अल्लाहु अक्बर अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, वल्लाहु अक्बर अल्लाहु अक्बर वलिल्लाहिल् हम्द ।

र दुवै तरिका मध्ये जस तरिकाले पनि पढन् सकिन्छ, दुवै सही हदीसबाट प्रमाणित छन् ।

र ईदको नमाज अघि वा पछि कुनै नामज अर्थात सुन्नत छैन ।

ईदको नमाज दुई रक्अत छ, हदीसमा वर्णित छ कि :

أن النبي صلى الله عليه وسلم خرج يوم الفطر فصلى ركعتين, لم يصل قبلها ولا بعدها.

(بخاري: ढडढ , مسلم: डडद्ध )

अर्थ : ईदुल् फित्रमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुई रक्अत नमाज पढ्नु भयो, र त्यसको अघि र पछि कुनै नमाज पढनु भएन । ( बुखारी हदीस नं. ९८९, र मुस्लिम हदीस नं. ८८४ )

ईदको नमाज भन्दा अघि नत अजान छ नत इकामत । ( हेर्नुसः मुस्लिम हदीस नं. ८८५, ८८६, र बुखारी हदीस नं.९६० )

र वास्तवमा ईदको नमाज अल्लाहको कृतज्ञता प्रकट गर्नुको लागि हो, त्यस अनुकम्पामा जुन अल्लाहले हामीमाथि रमजानको रूपमा अवतरित गरेको छ, त जब मुसलमान मान्छे त्यसमा आफ्नो क्षमता अनुसार परिश्रम गर्छ र व्रत एवं अल्लाहको पूजा अर्चना र स्तुतिद्वारा त्यसको उपहारको अधिकारी भइहाल्छ त अल्लाहले ईदद्वारा त्यसलाई खुशी एवं प्रसन्नतालाई सुदर्शित गर्ने अवसर प्रदान गर्छ, जसमा पनि प्रत्येक क्षण अल्लाहको गुणगान र कृतज्ञता नै प्रकट गरिन्छ । त ईदको दिन जायज तरिकाले प्रसन्नता प्रकट गर्नु वैधानिक छ जस्तोकि हदीसमा छ किः एक दिन दुई बालिका रसूल सल्लल्लाहो अलैहे वसल्लमको घरमा कविता पढि रहेकी थिइन् त जब अबू बक्र आए त उनले भनेः के रसूल सल्लल्लाहो अलैहे वसल्लमको घरमा शैतानको स्वर आइरहेको छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हे अबू बक्र प्रत्येक समुदायहरूका चाँढपर्व हुन्छन् र यो हाम्रो ईद हो । ( हेर्नुसः बुखारी हदीस नं. ४५४, र मुस्लिम हदीस नं. ८९२ )

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम मिनामा बसेका थिए, अनि हजरत अबू बक्र आए त के हेर्छन् कि दुई बालिका दुफ ( एक प्रकारको बजाउने यन्त्र ) बजाएर (कविताहरू ) गाइरहेका छिन् र रसूल सल्लल्लाहो अलैहे वसल्लम च्यादर बेरिएर लेटेका छन्, त अबू बक्र ढाँटेर उनीहरूलाई भगाउन थाले, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यिनीलाई छाडिदेऊ हे अबू बक्र, किनकि यी ईदका दिन हुन् । ( मुस्लिम हदीस नं. ८९२ )

त यस प्रकार जायज तरिकाले प्रसन्नता प्रकट गर्नु जायज छ तर अवैधानिक तरिका अपनाउनु हराम छ ।

यस्तै गाना सुन्नु, पटाका पड्काउनु, बाजा बजाउन फिल्म हेर्नु.... आदि अवैधानिक कार्य र क्रियाकलापहरू समस्त दिन झैं ईदको दिन पनि हराम र अवैधानिक छन् ।

## ईदुल अज्हा (कुर्बानीको ईद) मनाउने तरिका

ईदुल् अज्हा त्यस ईदलाई भनिन्छ जुन दश जिल्हिज्जाको दिन कुर्बानी गरेर मनाइन्छ, र यसै दिन हाजीहरू मिनामा ठूलो जमरहलाई कंकरी हाने पश्चात हज्जको बलि गरेर र अल्लाहको गुणगान र पवित्रता वर्णन गरेर र हज्ज जस्तो महान सुकार्यलाई सम्पन्न गरेर खुशी मनाउँछन् ।

कुर्बानी गर्नुको अति महत्व छ किनकि यसको आदेश अल्लाहले समस्त सूक्ष्म मुसलमानहरूलाई दिएको छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ﴿٢﴾ ﴾ الكوثر: ٢

अर्थ : आफ्नो प्रतिपालकको लागि नमाज पढ र कुर्बानी (बलि) गर । ( सूरतुल् कौसर २ )

हाजीको लागि अरफाको दिन फज्र पश्चातदेखि १३ जिलहिज्जा सम्म र अरु मुसलमानहरू को लागि ईदुल् अजहाको प्रातःदेखि १३ जिल्हिज्जा सम्म तक्बीर भन्नु सुन्नत हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ۞ وَٱذْكُرُوا۟ ٱللَّهَ فِىٓ أَيَّامٍ مَّعْدُودَٰتٍ ۚ ﴾ البقرة: ٢٠٣

अर्थ : र अल्लाहको स्मरण गर, गणनाका दिनहरूमा । ( सूरतुल् बकर: २०३ )

र तक्बीरका शब्द यी हुन् :

(الله أكبر الله أكبر، لا إله إلا الله، والله أكبر الله أكبر ولله الحمد)

अल्लाहु अक्बर अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, वल्लाहु अक्बर अल्लाहु अक्बर वलिल्लाहिल् हम्द ।

अर्थात: अल्लाह महान छ अल्लाह महान छ, तिमी बाहेक कोही सत्य पूज्य छैन, र अल्लाह महान छ अल्लाह महान छ र अल्लाहकै लागि समस्त प्रकारका प्रशंसाहरू छन् ।

र यसलाई पुरुष मान्छेहरू जता भए पनि ठूलो र उच्च स्वरमा भन्दै गरुन् ।

यस दिन पनि स्नान गरेर नयाँ अथवा आफूसित भएको सबैभन्दा राम्रो लुगा लगाएर, यस्तै आफूसित भएको सर्वोत्कृष्ट सुगन्ध प्रयोग गरेर पुरुष मान्छे ईदगाह जाओस् । तर स्त्रीहरू स्नान गरे पश्चात राम्रो लुगा लगाउन् तर सुगन्धको प्रयोग उनीहरूको लागि वर्जित छ यस्तै यस्तो लुगा लगाउनु पनि वर्जित छ जसबाट उनीहरू को श्रृंगार जाहेर होस् ।

ईदगाह पैदल हिंड्दै जानु र पैदल नै फिर्ता आउनु जस्तो कि अघि नै वर्णन गरेको छ ।

एउटा बाटोद्वारा जाने र आर्कोबाट फर्कने यदि यस्तो सम्भव होस्, जस्तो कि पहिला नै वर्णन गरेको छ ।

ईदगाह जाँदाखेरि केही नखाने बरु नमाज पढेर आए पश्चात कुर्बानी गरेर त्यसैको मासु खाने सुन्नत हो । जस्तोकि हदीसमा वर्णित छ कि :

كان رسول الله - صلى الله عليه وسلم - لا يطعم حتى يرجع من المصلى فيأكل من أضحيته. ( زاد المعاد 441/1 )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम कुनै चीज खाँदैन्थे यहाँसम्म कि ईदगाहबाट फर्केर आउँथे अनि आफ्नो कुर्बानीको जनावरको मासु खान्थे । ( जादुल मआद १/४४१ )

अनि ईदगाह गएर इमामको साथमा नमाज पढनु, र त्यसको दुआ र खुत्बामा शामेल हुनु ।

अनि घर पर्केर आए पश्चात कुर्बानी गर्नु । र जसले बकरीदको नमाज पढनुभन्दा अघि नै कुर्बानी गऱ्यो त्यसको कुर्बानी स्वीकार्य र मान्य छैन बरु त्यसलाई आर्को कुर्बानी गर्नु पर्छ जस्तोकि हदीसमा वर्णित छ कि :

من ذبح قبل أن يصلي فليعد مكانها أخرى، ومن لم يذبح فليذبح (رواه البخاري ومسلم)

अर्थ : जसले बकरीदको नमाज पढनुभन्दा अघि नै कुर्बानी गऱ्यो त्यो आर्को कुर्बानी गरोस्, र जसले अहिलेसम्म कुर्बानी गरेको छैन त्यो आफ्नो कुर्बानी गरोस् । ( बुखारी, मुस्लिम )

र कुर्बानी गर्ने समय चार दिन हो १० जिलहिज्जादेखि १३ जिलहिज्जा सम्म जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

كل أيام التشريق ذبح   انظر: السلسلة الصحيحة برقم 2476

अर्थ : तश्रीकका दिनहरू कुर्बानीका दिनहरू हुन् । (हेर्नुस्: सिलसिलतुस्सहीहा लिल् अल्बानी हदीस नं. २४७६ )

कुर्बानीको जनावर दाँता हुनुपर्छ यदि दाँता बाख्रा उपलब्ध नहोस् र मिल्ने सम्भावना पनि नहोस् त यस्तो अवस्थामा बिना दाँता भेंडा जब्ह गर्न सकिन्छ जस्तोकि हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :" तिमी मुसिन्ना नै जब्ह गर तर यदि तिमीमाथि तंगी आइपरेको होस् त भेंडाको जजह: जब्ह गर्न सक्दछौ " (मुस्लिम)

कुर्बानीको जनावर निम्नका चार ऐबबाट मुक्त होस्: यस्ता काना जसको कानापना जाहेर होस्, यस्तो लंगडो जसको लंगडोपना जाहेर होस्, यस्तो रोगी जसको विरामी जाहेर होस्, यस्तो कम्जोर जसमा कुनै चर्बी र स्वाद नहोस् । जस्तोकि हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "चार प्रकारका जनावरहरु कुर्बानीमा जायज छैनन् पूर्णरूपले काना जनावर जसको कानापना जाहेर होस्, र पूर्णरूपले विरामी जनावर जसको विरामी जाहेर होस्, र पूर्णरूपले लंगडो जसको लंगडापन जाहेर होस्, र अति कम्जोर जनावर जसमा कुनै ब्वाँसो चर्बी र गुदा नहोस्" ( मुस्लिम )

जुन व्यक्ति कुर्बानी गर्ने इच्छा राखोस् त्यो जिलहिज्जाको दश दिन नङ्ग कपाल आदि नकाटोस् ।

आफ्नो कुर्बानी आफै गर्नु अति उत्तम हो तर अरुसित पनि गराउन सकिन्छ । तर यदि कसाईसित जब्ह गराइन्छ भने त्यसको पारिश्रमिक अलग्गै दिनुपर्छ त्यसको ज्यालामा कुर्बानीको मासु वा चर्म दिनु सही छैन ।

कर्बानी गर्दा जनावरलाई त्यसको बायाँ पहलुमाथि यस्तो लेटाइयोस् कि त्यसको अनुहार किब्लातर्फ भइहालोस् अनि तीव्र छुरीले निम्नको दुआ पढेर त्यसलाई जब्ह गर्नु :

इन्नी वज्जहतु वजहिया लिल्लजी फतरस्समावाति वलअर्जा अनीफौं वमा अना मिनल् मुश्रेकीन, इन्ना सलाती वनुसुकी वमह्याया वममाती लिल्लाहि रब्बिल् आलमीन,लाशरीकलहु वबिजालिका उमिरतु वअना मिनल् मुस्लिमीन्, अल्लाहुम्मा हाजा मिन्का वलका अल्लाहुम्मा तकब्बल मिन्नी बिस्मिल्लाहे अल्लाहु अक्बर । ( अबू दाऊद )

र मिन्नीको ठाउँमा मिन भनेर जसको लागि कुर्बानी गरिन्छ त्यसको नाम पनि लिन सकिन्छ ।

आफ्ना मुसलमान भाइहरूलाई बधाइ दिनु र भन्नु तकब्बलल्लाहु मिन्ना वमिन्कुम .... आदि ।

**ईदको दिन गरिने केही अवैधानिक कार्यहरू**

ईदको मस्तीमा नौलो लुगा यस्तो तरिकाले लगाउनु कि त्यसबाट अभिमान सुदर्शित होस्, वा अरुलाई अवहेलना गर्नु, त यसखालका क्रियाकलापहरू गर्नुबाट सख्त मनाही छ । अल्लाहको फर्मान छ :

﴿ وَلَا تُصَعِّرْ خَدَّكَ لِلنَّاسِ وَلَا تَمْشِ فِي الْأَرْضِ مَرَحًا إِنَّ اللَّهَ لَا يُحِبُّ كُلَّ مُخْتَالٍ فَخُورٍ ﴿١٨﴾ ﴾ لقمان: ١٨

अर्थ : मानिसहरू सम्मुख मुख नफुलाऊ र धरतीमा अहंकार गरी नहिंडनु । निश्चयनै अल्लाहले कुनै अहंकारी र घमण्डीलाई रुचाउँदैन । ( सूरतु लुकमान १८ )

र हदीसमा वर्णित छ कि: एउटा मान्छे आफ्नो लामो कपाललाई कोरेर राम्रो राम्रो लुगा लगाएर अहंकार गर्दै हिंडिरहेको थियो कि एक्कासी अल्लाहले त्यसलाई जमिनमा धँसाइदियो तसर्थ त्यो प्रलयसम्म पृथ्वीको गहिराइमा धँस्दै रहनेछ । (बुखारी हदीस नं. ५७८९, र मुस्लिम हदीस नं.२०८८)

ईदको दिन दाह्रीलाई काट्नु वा शेव गर्नु जबकि हदीसमा छ :

خالفوا المشركين وفروا اللحى واحفوا الشوارب. ( بخاري: छडढ६, مسلم: ६छ६ढ )

अर्थ : तिमीहरू बहुदेववादीहरूको विरोध गर आफ्नो दाह्रीलाई बढाऊ र मुँछलाई काट्दै गर । ( बुखारी हदीस नं. ५८९२, र मुस्लिम हदीस नं. २५९ )

र आर्को हदीसमा छ :

جزوا الشوارب وأرخوا اللحى خالفوا المجوس . (مسلم: ६टण )

अर्थ : मुँछलाई काट र दाह्रीलाई लामो पार, र यसरी गरेर मजूसीहरूको विरोध गर । ( मुस्लिम हदीस नं. २६० )

र यस्तै अपरिचित महिलाहरूसित अर्थात गैर मुहरिम महिलाहरूसित मेलमिलाप गर्नु त्यसलाई स्पर्श गर्नु आदि हराम छ जस्तोकि हदीसमा छ : तिमी मध्ये कसैको टाउकोमा फलामको राड धँसाइयोस् भने यो कुरो त्यसको लागि राम्रो हुनेछ यस कुराबाट कि त्यो कुनै यस्तो महिलालाई स्पर्श गरोस् जुन तयसको लागि हलाल छैन । ( सिलसिलतुस्सहीहा लिल अल्बानी हदीस नं. २२६ )

यस्तै गरिब र असहायहरूको हक अधिकारको रक्षा नगर्नु बरु तिनीहरूको हक अधिकार खोसी दिनु वा तिनीलाई अवहेलना गर्नु तिनीहरूका जायज हकबाट पनि तिनीलाई वंचित गरिदिनु, त यस्तो कुकर्म गर्नेवाला मान्छे कदापि आस्थावान हुन्सक्दैन, जस्तोकि हदीसमा छ :

لا يؤمن أحدكم حتى يحب لأخيه ما يحب لنفسه . (بخاري: ञघ , مسلم: ढछ )

अर्थ : तिमी मध्ये कुनै मान्छे तबसम्म आस्थावान हुन्सक्दैन जबसम्म आफ्नो भाइको लागि पनि त्यही नरोजोस् जुन आफ्नो लागि रोज्दछ । ( बुखारी हदीस नं. १३, र मुस्लिम हदीस नं. ४५ )

र आर्को हदीसमा वर्णित छ कि:

من أحب أن يبسط له في رزقه وينسأ له في أثره فليصل رحمه . (بخاري: छढडट , مسلم: ६छछठ )

अर्थ : जुन व्यक्ति यस कुरालाई मनपराओस् कि त्यसको जीविकालाई प्रशस्त गरियोस् र त्यसको मृत्युको समयलाई विलम्ब गरियोस् त त्यो रिश्ता नातालाई जोडोस् । ( बुखारी हदीस नं.५९८६, र मुस्लिम हदीस नं. २५५७ )

सामूहिक तरिकाले तक्बीर भन्नु अवैधानिक कार्य हो किनकि यसको प्रमाण छैन यसर्थ एकलै एकलै तकबीर भन्नु नै उचित हो ।

दुवै ईदको रात्रीमा विशेषरूपले पूजा आराधनाको आयोजना गर्नु, यो बिदअत हो र जति पनि हदीस यसको प्रमाणमा पेश गरिन्छ सबै जईफ छन् ।

तसर्थ तपाई ईदको खुशी अवश्य मनाउनुस् तर त्यसलाई मनाउने क्रममा नत कुनै अवैधानिक कार्य नै गर्नुस् नत कुनै अवैधानिक कुरा गर्नुस्, नत कसैको हक अधिकारलाई हनन् गर्नुस् नत अभिमान नै गर्नुस्, बरु जुन मुसलमानसित पनि भेंट्नुस् त्यसलाई मुबारकबाद र बधाई दिनुस् र भन्नुस्: तकब्बलल्लाहु मिन्ना वमिनकुम । र अल्लाहको कृतज्ञता प्रकट गर्दै रहनुस्, र अल्लाहसित यो याचना गर्दै रहनुस् कि अल्लाह हाम्रा समस्त सुकर्महरू कबूल गरुन् र हामीमाथि आफ्नो अपार अनुकम्पाको वर्षा गर्दै रहुन्, र हाम्रो ईद र पर्वहरूलाई हाम्रो लागि सुखमय बनाउन् र हामीलाई सफलता प्रदान गरी आफ्नो स्वर्गमा प्रवेश गराउन् । (आमीन )

अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई यस्ताखालका समस्त अवैधानिक कार्यहरुबाट सुरक्षित राखेर हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र हाम्रा नमाज व्रत बलि र हज्जलाई कबूल गरुन् । र जेजति हामीले अज्ञानतामा ग्रस्तभएर पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन् । र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**


**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**